# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र संख्या : २०७९/०८०
**Ref.No :2079/080**
चलानी नं. :

तेतरिया,मोरङ्ग
**Tetariya,Morang**
कोशी प्रदेश, नेपाल
**Koshi Province , Nepal**

कृषि विकास शाखा

**प्रस्ताव आह्वान सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/११/२९ गते

प्रस्ताव दर्ता गर्ने अन्तीम मितिः २०७९/१२/१३ गते कार्यालय समय भित्र

यस ग्रामथान गाउँपालिकाको आ.ब. २०७९/०८० को कृषि विकास शाखाको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत संघिय सशर्त अनुदान तथा नेपाल सरकार समानिकरण अनुदान तर्फको कार्यक्रमहरु कार्यान्वयनका लागि तोकिए बमोजीमका शर्तहरु पालना गर्ने गरी गा.पा.मा रहेका तपशिल बमोजिमका साझेदारहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यलय समयभित्र) कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७), तथा "ग्रामथान गाउँपालिकाको कृषि व्यवसाय प्रवर्धन अनुदान कार्यविधि,२०७७" बमोजीम तोकिए अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरीएको छ । साथै रित नपुगेको वा म्याद नाघि प्राप्त हुन आएको प्रस्तावहरु छनौट कार्यमा समावेश नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । उक्त कार्यक्रम सम्बन्धी थप जानकारीको लागी ग्रामथान गाउँपालिका कृषि विकाश शाखामा सम्पर्क गर्न सकिनेछ ।

तपशिलः

<table>
<tr><th>क्र. सं.</th><th>कार्यक्रम/आयोजनाको नाम</th><th>लाभान्वित संख्या/ परिमाण</th><th>अनुदान रकमको सीमा र प्रतिशत</th><th>प्रस्ताव पेश गर्न सक्ने सम्वन्धित साझेदारहरु</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>धानबाली प्रवर्धन कार्यक्रम</td><td colspan="2">प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम</td><td>कृषक/ कृषक समूह/कृषि फर्म/ कृषि सहकारी/ सामूदायीक बीउ बैंक/ उपभोक्ता समिति/ उद्यमी/ कम्पनी लगायत मूल्य श्रींखलाका अन्य रोकारवालाहरु</td><td></td></tr>
<tr><td>२</td><td>५० प्रतिशत अनुदानमा स्प्रे टंयाङ्की वितरण</td><td rowspan="2">लागत इष्टिमेटको आधारमा</td><td>अधिकतम ५० प्रतिशत</td><td rowspan="2">कृषक/ कृषक समूह/कृषि फर्म/ कृषि सहकारी/ सामूदायीक बीउ बैंक/ उपभोक्ता समिति</td><td></td></tr>
<tr><td>३</td><td>हरियो मल ढैंचा, मुङ्ग...आदी वितरण साझेदारी कार्यक्रम ७५</td><td>अधिकतम ७५</td><td></td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रतिशत अनुदान | | प्रतिशत | | | |
| ४ | ७५ प्रतिशत अनुदानमा प्राङ्गारीक मल तथा सुक्ष्म खाद्य तत्व वितरण | | | | | |

निवेदन साथ पेश गर्नुपर्ने आवस्यक कागजातहरुः-

१.) रु. १०/- को टिकट टाँस सहितको तोकिएको ढाँचा बमोजिम निवेदन ।

२.) कृषकको नागरिकता र जग्गा धनी लालपुर्जा प्रतिलिपी ।

३.) कृषक समूह/कृषि सहकारी/कृषि फर्म/ सामूदायीक बीउ बैंक/ उपभोक्ता समिति/ उद्यमी/ कम्पनी लगायत मूल्य श्रींखलाका अन्य रोकारवालाहरु दर्ता संस्था प्रमाण-पत्र/नविकरण/स्थायी लेखा नं प्रमाण-पत्र।

४.) आफ्नो जग्गा नभएमा जग्गा लिज कागजात वा ठेक्कामा लिएको ५ बर्षे सम्झौता पत्रको प्रतिलिपी अनिवार्य रुपमा संलग्न राख्नुपर्नेछ ।

५.) निजी फर्म/सहकारीको हकमा गत आ.ब. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपी।

६.) निजी फर्म/सहकारीको हकमा गत आ.ब. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धीत स्थानीय तहको प्रमाण ।

७.) प्रतिबद्धता पत्र

८.) निर्णय प्रतिलिपी

९.) सम्बन्धित वडा कार्यालयको सिफारीस

सुरेन कुमार माझी
कृषि शाखा प्रमुख

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः श्री सूचना प्रविधि शाखा, सूचना वेब साईटमा राखिदिनुहुन ।